# प्रदेश सरकार
# प्रदेश नं. ४
# मन्त्रिपरिषद् सदस्यको आचार संहिता २०७४

*जारी मितिः २०७४।१२।०२*

नेपाल सरकार र नेपालका कानून समेतलाई आधार वनाई प्रदेश सरकारको मन्त्रिपरिषद्का सदस्यहरुले आफनो कार्य सम्पादन गर्दा मन्त्रिपरिषद्का सदस्य–सदस्यका विचमा आपसि सामनजस्यता कायम राख्दै आफूलाई नेपाल कानून, प्रदेश कानून समेतले प्राप्त अधिकारको प्रयोग गर्दै सो अनुरुप पालना गर्नु पर्ने आचरण र व्यवहारलाई व्यवस्थित एवं पारदर्शि वनाई सक्षम र पारदर्शि रुपमा नैतिकता र मर्यादा कायम राखि असल शासन संचालन गर्नु पर्ने आवश्यकतालाई महसुस गरी आचार संहिता तयार गरी लागु गर्नु वाञ्छनीय देखिएकाले प्रदेश नं. ४ मन्त्रिपरिषद्वाट मन्त्रिपरिषद्का सदस्य एवं सरोकारवालाहरुलाई समेत लागु हुने गरी यो आचार संहिता जारी गरिएको छ ।

**मन्त्रिपरिषद्का सदस्यहरुले पालना गर्नु पर्ने आचरणः**

(१) मन्त्रिपरिषद्का सदस्यहरुले नैतिकता आधारभूत सिद्धान्तको प्रतिकूल हुने गरी कुनै काम कारवाही गर्न हुदैन।

(२) मन्त्रिपरिषद्का सदस्यहरुको काम कारवाही राष्ट्र र सर्वसाधारणको सेवामा केन्द्रीत हुनु पर्नेछ।

(३) मन्त्रालयबाट सम्पादन गर्ने हरेक काम कारवाही नेपालको संविधान र कानून वमोजिम आम नागरिकको अपेक्षालाई ध्यानमा राखि गर्नु पर्नेछ ।

(४) मन्त्रिपरिषद्का सदस्यहरुले आफनो मन्त्रालयको कामका लागि व्यक्तिगत रुपमा प्रदेश सभा र मुख्यमन्त्री प्रति उत्तरदायी हुनु पर्नेछ ।

(५) मन्त्रिपरिषद्का सदस्यहरुले प्रदेश सभाका सदस्यहरुको राय सल्लाह र सुझाव सुन्न यथासम्भव सरल र प्रभावकारी व्यवस्था मिलाउनु पर्नेछ ।

(६) आफनो मन्त्रालयका हरेक काम कारवाही नेपालको संविधान र कानून बमोजिम गरिने हुंदा त्यस्तो काम कारवाहीमा आफूले जिम्मेवारी पूर्वक सम्पादन गर्ने र सो को अभिलेखीकरण गर्ने गर्नु पर्नेछ । साथै नेपालको संविधानलाई कार्यान्वयन गर्ने तर्फ प्रतिबद्ध रहनु पर्नेछ ।

(७) मुख्यमन्त्रीद्वारा जारी गरिएका हरेक निर्देशनहरूलाई पूर्ण पालना गर्ने र सो को कार्यान्वयनको प्रगति विवरण दिनु पर्नेछ ।

(८) मन्त्री पदमा नियुक्त भएको मितिले ६० दिन भित्र प्रचलित कानून बमोजिम सम्पत्ति विवरण सार्वजनिक गर्नु पर्नेछ ।

(९) आफू वा आफूसँग सम्बन्धित कुनै व्यक्ति संस्था वा पक्षलाई फाइदा पुग्ने र राज्य वा नागरिकलाई नोक्सान पर्ने गरी जानी जानी कुनै काम कारबाही गर्न गराउनु हुँदैन ।

(१०) आफूलाई जानकारी भएको तथ्य वा व्यहोरा झुट्टा रूपमा उल्लेख गरी बैठकमा प्रस्तुत गर्नु वा सो अनुसारको दाबी लिनु हुँदैन ।

(११) आफ्नो विभागीय मन्त्रालयको वा अन्य मन्त्रालयको काम कारबाहीको सन्दर्भमा आफूले जानकारी पाएको गोप्य राख्नु पर्ने तथ्य वा व्यहोरा वा सूचना आधिकारिक निकाय वा पदाधिकारी बाहेक अन्यत्र व्यक्त गर्नु वा गर्न लगाउनु हुँदैन ।

(१२) आफ्नो मन्त्रालयमा जाँदा वा औपचारिक रुपमा उपस्थित हुँदा भड्किलो रुपमा प्रस्तुत हुने वा मद्यपान गर्न हुँदैन ।

(१३) मन्त्रिपरिषद्मा वा मन्त्रिपरिषद्का सदस्यहरुका बिचमा भएको वा हुने कुनै विवाद सञ्चार माध्यम मार्फत अभिव्यक्त गर्न वा गर्न लगाउन हुँदैन ।

(१४) संघीय इकाईको पारस्परिक सम्बन्धमा असर पर्न सक्छ भन्ने जानी जानी कुनै क्षेत्र, जात, जाती, धर्म, वर्ण, लिङ्ग, सम्प्रदायका बीचको सम्बन्धमा खलल पर्ने गतिविधि गर्न गराउन हुँदैन।

(१५) मन्त्रिपरिषद्का सदस्यहरुले विशेष कार्यक्रमहरु बाहेक विदेश भ्रमणमा जानु पूर्व मुख्यमन्त्रीको अनिवार्य स्वीकृति लिनु पर्नेछ। भ्रमणको सम्वन्धमा राष्ट्रको नाममा प्राप्त हुने दान, पुरस्कार वा उपहार प्रदेश सरकारलाई बुझाउनु पर्नेछ ।

(१६) उपलब्ध भए सम्म स्वदेशी र वातावरण मैत्री उत्पादनका सामाग्री मात्र प्रयोग गर्ने र गर्न लगाउनु पर्छ ।

(१७) मन्त्रालयको काम कारबाहीमा अत्याधिक आर्थिक मितव्ययिता अपनाउनु पर्नेछ ।

(१८) सरकारबाट उपलब्ध गराउने सेवा र सुविधाका अवसरहरूको बाँडफाँड गर्दा नेपालको संविधान र प्रचलित प्रदेश कानून बमोजिम सामाजिक न्याय र समावेशीकरण सम्बन्धी राज्यको नीतिलाई अङ्गीकार गर्नु पर्नेछ।

(१९) मन्त्रालयको काम कारबाही सम्बन्धमा सार्वजनिक जानकारी लिन सुझाव तथा उजुरी पेटीका, हटलाईन टेलिफोन, इमेल जस्ता साधन प्रयोग गर्ने र सरोकारवाला र विज्ञ समेतसँग सार्वजनिक सुनुवाईको कार्यक्रम निरन्तर गर्ने गराउने गर्नुपर्छ ।

(२०) स्वकीय वा निजी सचिव नियुक्ति गर्दा योग्य र क्षमतावान व्यक्तिलाई चयन गर्ने र निजको काम कारबाहीको सूपरीवेक्षण आफैंले गर्ने गर्नु पर्छ ।

(२१) सरकारी काम काजको समयलाई प्राथमिकता दिई समयमा उपस्थित हुने कार्यलाई प्राथमिकता दिनु पर्छ ।

(२२) राष्ट्रसेवक कर्मचारीहरूलाई राजनैतिक दबाब भन्दा बिलकुल अलग भै स्वतन्त्रता पूर्वक काम गर्ने वातावरण तयार गर्ने गराउने गर्नु पर्छ।

(२३) प्रदेश सरकारको आधिकारिक नीति तथा कार्यक्रम सरकारको प्रवक्ता मार्फत सार्वजनिक गर्ने गराउने गर्नुपर्छ ।

(२४) पदीय मर्यादा र अख्तियारको दुरुपयोग गरी धम्क्याउने वा कुनियत राखी कार्य गर्ने वा सम्पत्ति आर्जन गर्ने कार्यलाई शून्य सहनशीलताको आधारमा कारबाही गर्नु पर्नेछ ।

(२५) सरकारी श्रोत र साधनलाई निजी वा पारिवारिक उपयोगमा प्रयोग नगर्ने नगराउने ।

(२६) मन्त्रिपरिषद्का सदस्यहरुले मूलतः देश र जनताको गरिमा, मर्यादा र प्रतिष्ठालाई आफ्नो गरिमा मर्यादा र प्रतिष्ठा सन्निहित रहेको सम्झी सो अनुरूपको काम कर्तव्य र अधिकारको प्रयोग गर्नु पर्नेछ ।

(२७) मन्त्रिपरिषद्का सदस्यहरुले आफ्नो परिवारका कुनै सदस्य वा नजिकको नातेदार वा घनिष्ठ मित्रसँग सरकारी काम कारबाही बाहेकका कुनै विवाद वा सहयोगका विषयलाई प्रत्यक्ष असर पुर्याउने गरी कुनै व्यक्ति वा पदाधिकारीबाट आतिथ्यता लिने, दान वा उपहार स्वीकार गर्ने वा गर्न लगाउन समेत हुँदैन ।

(२८) मन्त्रिपरिषद्का सदस्यहरूले मरमोलाहिजा, पक्षपात, भनसुन वा द्वेष वा प्रतिशोधको भावना राखी काम कारबाही गर्न गराउन हुँदैन।

(२९) जानी जानी आफूले दिने तथ्य तथ्याङ्क वा विवरण झुटो दिनु वा सार्वजनिक गर्नु गराउनु हुँदैन।

(३०) जानाजानी प्रदेश सरकार, प्रदेश सभा र नेपाल राज्यका अंगहरू कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको क्षेत्राधिकार उल्लङ्घन हुने वा एक अर्कामा घृणा वा द्वेष पैदा हुने गरी कुनै काम कारबाही गर्न वा गर्न लगाउन हुँदैन ।